सम्पादकीय

# भूमे साप्ताहिक

वर्ष ६ अङ्क २६ २०८१ माघ १३
आईतबार

# अनलाइन ठगी हुनबाट सजक हौं

डिजिटल युगसँगै मानिसहरूको जीवनशैलीमा धेरै परिवर्तन आएको छ। व्यापार, शिक्षा, मनोरञ्जन देखि बैंकिङ र सरकारी सेवासम्म सबै कुरामा प्रविधिको प्रयोग व्यापक भएको छ। यसले जीवनलाई सहज बनाएको भए पनि, अनलाइन गतिविधिसँगै ठगीका घटना पनि उत्तिकै बढिरहेका छन्। विशेषगरी नेपालजस्तो डिजिटल साक्षरतामा पछाडि रहेको देशमा अनलाइन ठगीको जोखिम उच्च।

ठगीका केही प्रचलित तरिकाहरूमा नक्कली वेबसाइट, फेसबुक मार्फत वित्तीय जानकारी चोर्ने भाग्य चिठ्ठा (लक्की ड्र) र अफरको नाममा ठगी गर्ने, व्यक्तिको व्यक्तिगत जानकारी प्रयोग गरी सामाजिक सञ्जालमा ब्ल्याकमेल गर्ने, र पेमेन्ट गेटवेको गलत प्रयोग गर्ने समावेश छन्। साथै पछिल्लो समयमा ह्याकरले फेसबुक ह्याक गरी विभिन्न कुरा गर्दै पैसा उठाउने ठगीहरू पनि व्यापक सक्रिय भइरहेको छन्। यी तरिकाहरू सामान्य प्रयोगकर्ताले पत्ता लगाउन गाह्रो हुन्।

ठगीबाट जोगिनका लागि सबैभन्दा महत्वपूर्ण कुरा हो, सजगता। कुनै पनि अज्ञात लिंकमा क्लिक गर्नु अघि त्यसको सत्यता जाँच गर्नु आवश्यक छ। व्यक्तिगत जानकारी, जस्तै बैंक खाता नम्बर वा पासवर्ड, कसैलाई पनि सेयर गर्नु हुँदैन। बैंक वा वित्तीय संस्थाहरूले फोन वा इमेलमार्फत यस्तो जानकारी कहिल्यै माग्दैनन्।

त्यस्तै, अनलाइन किनमेल गर्दा मात्र प्रमाणित र सुरक्षित वेबसाइटहरूको प्रयोग गर्नुपर्छ। आधिकारिक रुपमा पूरा विवरण लेखिएको वेबसाइट मात्रै प्रयोग गर्दासुरक्षित रहन सकिन्छ। सार्वजनिक वाइफाइ प्रयोग गर्दा अत्यन्त सावधानी अपनाउनु पर्छ, र भीपीएन प्रयोग गर्नुपर्छ।

सरकार र अन्य सम्बद्ध निकायहरूले पनि अनलाइन ठगी नियन्त्रण गर्न प्रभावकारी कदम चाल्नुपर्छ। डिजिटल साक्षरताको कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ र साइबर सुरक्षा कानूनलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्छ। डिजिटल संसारमा सुरक्षित रहन हरेक नागरिकको भूमिका महत्त्वपूर्ण हुन्छ। प्रविधिको सही प्रयोगले मात्र हामी अनलाइन ठगीको जोखिमलाई न्यून गर्न सक्छौं।



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमे : १० महिनामा २४ लाख रुपियाँ राजस्व सङ्कलन




❖ बालाराम शेर्पाली

रुकुमपूर्वको भूमे गाउँपालिकाले चालु आर्थिक वर्षको १० महिनामा २३ लाख ९९ हजार ६ सय ६१ रुपियाँ राजस्व सङ्कलन गरेको छ। गत आर्थिक वर्षमा ५६ लाख ६३ हजार ६ सय ७९ रुपियाँ राजस्व उठेकोमा यस आर्थिक वर्षमा पालिकाले ६३ लाख ४५ हजार ६ सय ५० रुपियाँ राजस्व सङ्कलन गर्ने लक्ष्य रहेको गाउँपालिकाका लेखा सहायक विजय बाँठा मगले जानकारी दिनुभयो।

भूमे गाउँपालिकाले राजस्व सङ्कलन प्रक्रियालाई आधुनिक र पारदर्शी बनाउन दुई वर्ष पहिले देखि सफ्टवेयर प्रणाली लागू गरिएको बाँठामगरले बताउनुभयो।

सफ्टवेयर प्रणाली मार्फत राजस्व सङ्कलन सहजका साथै प्रभावकारी र व्यवस्थित भएको उहाँले बताउनुभयो। विगतका वर्षमा सोचे जस्तो राजस्व सङ्कलन हुन नसकेको उहाँको भनाइ रहेको छ। अब राजस्व संकलनको कामलाई प्रभावकारी बनाउँदै लैजाने उहाँले बताउनुभयो। वडा नम्बर १ लुकुमबाट २ लाख ५५ हजार ५ सय ८५ रुपियाँ, २ नम्बर काँक्रीबाट २ लाख ७२ हजार ९ सय ५८ रुपियाँ राजस्व जम्मा भएको छ। यसै ३ नम्बर वडा सिमाबाट १ लाख ४८ हजार ६ सय ९५ रुपियाँ ४ नम्बर वडाकाडाँबाट १ लाख ४९ हजार ९ सय ६५ रुपियाँ ५ नम्बर वडा सेराबाङबाट १ लाख २५ हजार ७ सय ४४ रुपियाँ राजस्व उठेको छ। ६ नम्बर वडा महतबाट १ लाख ९७ हजार १३ रुपियाँ, ७ नम्बर वडा धर्मशालाबाट २ लाख ६४ हजार ४ सय रुपियाँ, ८ नम्बर वडा पोखरापाटाबाट १ लाख ९४ हजार ५ सय ५२ रुपियाँ र ९ नम्बर वडा चुनबाङबाट २ लाख ८९ हजार २ सय ८७ रुपियाँ राजस्व उठेको छ। गाउँपालिकाको कार्यालयबाट ५ लाख १६ हजार ५ सय ५७ रुपियाँ राजस्व उठेको छ।

भूमे साप्ताहिक
# खेलकुद
३

वर्ष अङ्क २६ २०८१ माघ १३
आईतबार

# लुकुममा छैटौं राष्ट्रपति रनिङ शिल्डको सचिवालय स्थापना




❖ *साप्ताहिक समाचारदाता*

रुकुम पूर्वको भूमे गाउँपालिकाले छैटौं राष्ट्रपति रनिङ शिल्ड सञ्चालन गर्नको लागि सचिवालय गठन गरिएको छ।

भूमेको छैटौं राष्ट्रिपति रनिङ शिल्ड भूमे गाउँपालिका–१ सिद्धचउर माध्यमिक विद्यालय लुकुममा माघ १५ गते देखि सञ्चालन हुने भएको हो।

भूमेको छैटौं राष्ट्रपति रनिङ शिल्डलाई व्यवस्थित र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न सचिवालय स्थापना गरिएको गाउँपालिकाले जनाएको छ। गाउँपालिकाका अनुसार शिल्ड सञ्चालन, व्यवस्थापन तथा निर्देशक समितिले सचिवालय स्थापना गरेको हो।

यो सचिवालयले राष्ट्रपति रनिङ शिल्डको लागि विद्यालयहरूले सहभागी बनाएका छात्र, छात्रा खेल निर्देशिका अनुसार भएनभएको छानबिन गर्ने शिक्षा युवा तथा खेलकुद शाखाले जानकारी दिएको छ।

शिल्डमा गाउँपालिकाका ९ वटा माध्यामिक विद्यालयले सहभागी हुने भएको छ।

गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठको अध्यक्षतामा सचिवालय स्थापना गरिएको हो। गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल बिक, १ वडा अध्यक्ष मनकाजी पुन, शिक्षा युवा तथा खेलकुद शाखाका प्रतिनिधि लगायत ९ वटै माविका प्रधानाध्यापकको उपस्थिति रहेको थियो।

# पानी नपर्दा बाली सुक्दै, कृषक चिन्तित बन्दै



❖ किस्मत शेपाली

लामो समय देखि पानी नपर्दा देशभरका किसानहरू मर्कामा परेका छन्। झन रुकुमपूर्व हिमाली जिल्ला भएकोले सिंचाइको सुविधा नहुँदा यस जिल्लाको हिउँदे बाली सुक्न थालेको छ। रुकुमपूर्वमा सिंचाइको सुविधा नहुँदा आकासे पानीको भरमा कृषकले खेतीपाती गर्दै आउनु छ। लामो समय देखि वर्षा नहुँदा किसानले लगाउनु भएको हिउँदे बाली बारीमै सुक्न थालेको छ। रुकुमपूर्वमा हिउँदे बालीको रूपमा गहुँ, जौ र विभिन्न तरकारी लगाउने गरिएको छ। हाल यी बाली वर्षा नहुँदा बारीमै सुक्न थालेपछि कृषक चिन्तित बनेका छन्। तत्काले पानी तथा हिउँ नपरे हिउँदे बाली पुरै सुकेर जाने भन्दै सिस्ने गाउँपालिका–२ कृषक जितप्रसाद घर्तीले चिन्ता व्यक्त गर्नुभयो। विगतका वर्षहरूमा समय




समयमा पानी तथा हिउँ पर्ने गरेको उहाँले बताउनुभयो। तर, बितेको ४/५ वर्ष देखि यता समयमा वर्षा नहुँदा उब्जनीमा ह्रस आइरहेको घर्तीले सुनाउनुभयो।

उहाँले भन्नुभयो, “विगतका वर्षहरूमा हरेक हिउँदमा अत्यधिक हिउँ पर्ने गरेको थियो र उब्जनी धेरै हुन्थ्यो। तर, पछिल्लो वर्षहरूमा हिउँ सारै कम परिरहेकोले उब्जनीमा कमी आइरहेको छ।”बालीनालीसँगै वनमा विस्तारै बोटबिरुवा पनि सुक्दै गइरहेको भूमे गाउँपालिका–३ का भक्त कामीले बताउनुभयो। समयमै हिउँदे वर्षा र हिउँ नपर्दा बालीनाली सुक्दै गइरहेकोले अलिपछि भोकमरी हुने सम्भावना बढी रहेको कामीको भनाइ रहेको छ। कृषि बाहेक अरु केही व्यवसाय नभएका कृषक पानी नपरेपछि भाकमरी हुने की भनी चिन्तित बनेका छन्। हिउँ र पानी नपर्दा हिउँदे बाली मात्र नभएर बर्खे बाली नगाउन समेत असर हुने गरेको कृषकले बताएका छन्। पुथाउत्तरगङ्गा गाउँपालिका–९ का अञ्चल परियारले पानी र हिउँ नपर्दा बालीनाली मात्र नभई पशुचौपाय पालनमा समेत गाह्रो भइरहेको बताउनुभयो। सिंचाईको सुविधा नहुँदा हिउँदे बालीमा असर भइरहेको सिस्ने गाउँपालिका–१ का वडाध्यक्ष रजबहादुर बुढाले बताउनुभयो। सिंचाइ योजनाका लागि वडा र पालिकाको बजेटले नधान्ने भएकोले प्रदेश र सङ्घीय सरकार समक्ष पहल भइरहेको वडाध्यक्ष बुढाको भनाइ रहेको छ।

समयमै वर्षा नहुँदा बालीनालीलाई मात्र नभइ पशुचौपाय र मान्छेलाई समेत असर पारिरहेको जलस्रोत तथा सिंचाइ विकास सवडिभिजन कार्यालय रुकुमपूर्वका प्रमुख मदनप्रसाद शाहले बताउनुभयो। कार्यालयबाट सबै खेतीयोग्य जमिनमा सिंचाइको पहुँच पु¥याउने गरी योजना कार्यन्वयन भइरहेको प्रमुख शाहले जानकारी दिनुभयो। एक लाख १३ हजार पाँच सय २३ हेक्टर क्षेत्रफल जिल्लाको जमिन रहेको छ। जसमा २० हजार दुई सय ५६ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेको छ। भने १९ हजार एक सय ७५ हेक्टर क्षेत्रफलको जमिन सिंचाइ गर्ने योग्य जमिन रहेको शाहले बताउनुभयो। खेतीयोग्य जमिन मध्ये हाल सम्म आठ हजार चार सय ४२ हेक्टर क्षेत्रफलमा सिंचाइको सुविधा पुगेको उहाँले बताउनुभयो। भने बाँकी खेतीयोग्य जमिनमा क्रमशः सिंचाइका योजना निर्माण कार्य भइरहेको प्रमुख शाहले बताउनुभयो।

भूमे साप्ताहिक ६
स्वास्थ्य
वर्ष अङ्क २६ २०८१ माघ १३
आईतबार

# भूमेमा माघ २२ देखि किशोरीलाई पाठेघर क्यान्सर विरुद्धको खोप




❖ **साप्ताहिक समचारदाता**

देशैभर सरु हुन थालेको पाठेघर क्यान्सर विरुद्धको खोप कार्यक्रम रुकुमपूर्वमा पनि यही माघ २२ गते देखि सुरु हुँदै छ। शनिबार भूमे गाउँपालिकाले ९ वडा भित्र रहेका बालिकाका लागि ह्युमन प्यापिलोमा भाइरस (एचपीभी) खोप अभियानको प्रभावकारी कायर्नन्वयनका लागि गाउँपालिकाको सभाहलमा एक दिने पालिका स्तरीय १ दिने अभिमुखीकरण कार्यक्रम गरिएको हो।

भूमे गाउँपालिका स्वास्थ्य शाखाको अनुसार १४ वटा स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरूलाई एचपिभी भाइरसको खोपको महत्व र यसको प्रयोग प्रक्रिया, साथै अभियान सञ्चालनका लागि आवश्यक विधि तथा उपकरणहरूका बारेमा तालिम प्रदान गरिएको गाउँपालिका स्वास्थ्य शाखाका जनस्वास्थ निरीक्षक उपेन्द्र यादवले जानकारी दिनुभयो।

उक्त कार्यक्रममा भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले कार्यक्रम बोल्दै एचपिभी भाइरसका कारण सिर्जना हुने क्यान्सर जस्तो गम्भीर रोग रोकथाममा गाउँपालिकाले कुनै पनि बालिकालाई नछुताएर खोप अभियान सञ्चालन गर्न जोड दिनुभयो। सबै
स्वास्थ्यकर्मीलाई खोप कार्यक्रमलाई सफल र प्रभावकारी गर्न अध्यक्ष श्रेष्ठले आग्रह गर्नुभयो। ९–१४ उमेर समूहका किशोरीलाई उक्त खोप लगाइदै छ।

# जन्मदिनको अवसरमा विपन्नलाई सहयोग



❖ साप्ताहिक समाचारदाता

रुकुमपूर्वको भूमे गाउँपालिका–३ सिमाका युवा तथा समाजसेवी चन्द्र रसाइलीले आफ्नो जन्मदिनको अवसरमा विपन्न् परिवारलाई सहयोग गर्नु भएको छ।

महंगो खर्चिलो गरी जन्मदिन नमनाएर भावनात्मक रुपमा विपन्नललाई सहयोग गरेर रसाइलीले आफ्नो जन्मदिन मनाउनु भएको हो।

भूमे–५ स्थित उपल्लो साकिमका विपन्न परिवारलाई ८ हजार रुपियाँ बराबरको सहयोग गर्नुभएको छ।

वृद्धा अवस्थामा पुगेकी ६५ वर्षीया संगती बुढाको परिवारलाई सहयोग गर्नुभएको हो। चिसोमा लगाउने कपडा, चामल, नुन, सावुन चिनी, दाल, तेल लगायतको सामग्री हस्तान्तरण गर्नु भएको हो। आफ्नो जन्मदिनको अवसरमा केहि रचनात्मक र सामाजिक कार्यमा योगदान गर्ने उत्पे्ररणा लाग्ने गरेको रसाइलीले बताउनुभय। किन भने सानो सहयोगले पनि दुःखी परिवारलाई केही सहयोग पुगोस् भन्ने भावका साथ विगतका वर्ष देखि नै विपन्न परिवारलाई सहयोग गर्दै आफ्नो जन्मदिन मनउँदै आएको बताउनुभयो।

भूमे सासाहिक
# विज्ञान
८

वर्ष अङ्क २६ २०८१ माघ १३ आईतबार

**१ .सन् २०२५ जनवरीमा भारतको नयाँ दिल्लीमा सम्पन्न पहिलो खो–खो विश्वकपमा नेपालले कुन स्थान हासिल गऱ्यो?**

- दोस्रो पुरुष तथा महिला दुवैतर्फ नेपाल उपविजेता बनेको।नेपालले कुनै पनि स्तरको (भारत : विजेता) विश्वकपको फाइनल खेलेको यो पहिलो पटक हो।त्यसैले टिम गेममा नेपाली खेलकुदका लागि यो सबैभन्दा ठुलो उपलब्धि हो।

**२ .टेस्ट क्रिकेटमा सर्वाधिक शतक बनाउने खेलाडी को हुन् ?**

- सचिन तेन्दुलकर (भारत)

**३.१० औं राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना मिति कुन हो ?**

- विसं २०८१ चैत्र २३–३०, कर्णाली प्रदेश

राष्ट्रिय खेलकुद परिषद् औं राष्ट्रिय खेलको १० औं बोर्ड बैठकले ११८ को २१ मङ्सिर २०८१ को (राखेप) २ सो मिति तय गरेको।यसअघि परिषदले–९ मङ्सिरसम्म प्रतियोगिता आयोजना गर्ने भनेको थियो।

**४.आवाल ब्रह्मचारी षडानन्द प्रतिष्ठानले षडानन्द राष्ट्रिय पुरस्कार–२०८१ कसलाई प्रदान ग¥यो ?**

- प्राडा जगदीशचन्द्र रेग्मी

**५ मोरङको मिक्लाजुङ गाउँपालिका र जापानको स्पेसटाउन सहरबिच भगिनी सम्बन्ध कहिले कायम भएको.हो ?**

- विसं २०८१ मङ्सिर १० (२५ नोभेम्बर २०२४ सन्)

**६.उदीयमान अर्थतन्त्र भएका राष्ट्रहरूको समूह ब्रिक्सको नयाँ सदस्यका रूपमा इन्डोनेसिया कहिले प्रवेश गरेको हो ?**

- सन् २०२५ जनवरी

**७. विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटै हिमाल बिनाअक्सिजन आरोहण गरी विश्व कीर्तिमान कायम राख्ने साहसी आरोही को हुन् ?**

- मिङ्मा जी शेर्पा

**८ विश्व चर्चित पत्रिका अमेरिकाको ‘द न्युयोर्क टाइम्स’ ले प्रकाशित गरेको सन् २०२५ मा घुम्नु पर्ने विश्वका उत्कृष्ट ठाउँको सूचीमा बुद्ध जन्मस्थल लुम्बिनी कति औं नम्बरमा रहेको छ ?**

- नवौं

भूमे साप्ताहिक ९
विचार
वर्ष अङ्क २६ २०८१ माघ १३
आईतबार

# कसरी बने पूर्णबहादुर घर्ती संघीय संसद्



रुकुमपूर्वको विकट दुर्गम क्षेत्रमा जन्मिएका लुम्बिनी प्रदेश सभाका संस्थापक सभामुख एवम् रुकुम पूर्वका प्रतिनिधि सभा सदस्य पूर्णबहादुर घर्तीले संघीयता अहिलेको आवश्यकता भएको बताउनुभएको छ।

पूर्णबहादुर घर्तीको जन्म २०२४ साल माघ ६ गते हिमाली र दुर्गम मानिने तत्कालिन रुकुम जिल्लाको साविक चुन्वांङ गाविस ६ लखरखोलामा भएको हो। हाल सो क्षेत्र रुकुम पूर्वको भूमे गाउँपालिका वडा नम्बर ९ मा पर्छ।

आमा जयकली घर्ती र बुवा वीरबहादुका छोरा पूर्णबहादुरको घर नै राजनीतिको एउटा पाठशाला थियो।

उहाँका बुवा वीरबहादुरले ब्रिटिस सेनाबाट अवकास लिएपछि लामो समय पञ्चायतको राजनीति गर्नुभयो।

उहाँ चुन्वांङ गाविसको वडा अध्यक्ष बनेर दुई दशकसम्म काम गर्नुभयो।

पूर्णबहादुरले औपचारिक शिक्षा स्थानी यविद्यालयबाटै लिनुभयो। नेपाल राष्ट्रिय निमावि, चुन्वांङमा औपचारिक शिक्षा लिनुभएका उहाँले रुक्मीनी मावि, रुकुमकोटबाट मावि तहसम्मको अध्ययन गर्नुभयो।

२०४४ सालमा भारतको विरहार राज्यको पटना बोर्ड अन्तर्गत मधुवनी जिल्लाको एकहरीको डा. रामनारायण संस्कृत विश्वविद्यालयबाट संस्कृत विषयमा माध्यामिक तह उर्तिण गर्नुभयो।

पूर्णबहादुरले नेपाल फर्किएर उच्च शिक्षाका लागि रुकुमको मुसिकोटस्थित खलंगा क्याम्पसमा भर्ना भए पनि अध्ययनलाई निरन्तरता दिन सक्नु भएन। औपचारिक शिक्षाबाहेक उहाँले मार्क्सवाद, मार्क्सवादी सौन्दर्यशास्त्र र राजनीतिकशास्त्रलाई स्वअध्यनका रुपमा अगाडि बढाउनुभयो।

अध्ययनकै क्रममा उहाँले २०४१ सालदेखि २०४५ सालसम्म रोल्पाको तातोपानी पाछावाङ्गको तातापानी प्राविमा अध्यापन गर्नुभयो।

नेता घर्तीले २०४१ सालमा नेकपा (मशाल)को पार्टी सदस्यता लिएर राजनीति सुरु गर्नुभएको हो। २०४६ सालमा अनेरास्ववियु रुकुमको नवौं जिल्ला सम्मेलनबाट अध्यक्ष निर्वाचित भएपछि उहाँ पूर्णकालीन रुपमा राजनीतिमा सक्रिय हुनुभयो।

२०४७ सालमा मशालको चितवनमा सम्पन्न राष्ट्रिय सम्मेलनमा प्रतिनिधि बन्नुभएका घर्ती २०४८ सालमा तत्कालीन नेकपा (मशाल)को जिल्ला कमिटी सदस्य निर्वाचित हुनुभयो। सोही वर्ष सम्पन्न मशालको एकता जिल्ला सम्मेलनबाट उहाँ एकता महाधिवेशन प्रतिनिधि छनोट हुनुभएको हो।

२०४८ मा संयुक्त जनमोर्चा रूकुमको सचिव बन्नुभएका घर्ती २०५४ देखि २०५७ सम्म नेकपा(माओवादी) रुकुम जिल्लाको सेक्रेटरी बन्नुभयो।
२०५७ मा सम्पन्न नेकपा(माओवादी)को दोश्रो राष्ट्रिय सम्मेलनबाट केन्द्रीय समितिमा निर्वाचित उहाँ २०५७ देखि २०५८ सम्म माओवादीको म्याग्दी, बाग्लुङ र रुकुमको इन्चार्ज बनेर नेतृत्व सम्हाल्नुभयो।

२०५८ देखि २०६० सालसम्म (माओवादी)को भेरी कर्णाली क्षेत्रीय ब्यूरो अन्तर्गत डोल्पा, जाजरकोट, दैलेख र सुर्खेतको पार्टी इन्चार्ज बनेर उहाँले महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुभयो।

**घर्तीले २०६६ देखी २०६९ सालसम्म एकीकृत नेकपा(माओवादी) पार्टीको मगराँत राज्य समितिको सेक्रेटरीको जिम्मेवारी पाउनुभयो भने २०६९ असारदेखि २०७० सम्म एकीकृत नेकपा(माओवादी)को थारुवान राज्यको इन्चार्ज बनेर काम गर्नुभयो।**
२०७१ देखि २०७२ सम्म नेकपा(क्रान्तिकारी माओवादी)को पश्चिम मगराँत इन्चार्ज बन्नुभएका घर्ती २०७३ को पार्टी एकीकरणपछि नेकपा(माओवादी केन्द्र) पार्टीको केन्द्रीय सचिवालय सदस्य एवं प्रदेश नं. ५ (लुम्बिनी) संयोजक बनेर काम गर्नुभयो।

नेता घर्ती शैक्षिक राजनीतिकसँगै कला, साहित्य र संगीत क्षेत्रमासमेत रुचि राख्नुहुन्छ। उहाँले २०४७ देखि २०५१ सम्म प्रतिभा सांस्कृतिक परिवार, सिस्ने सांस्कृति समूह हुँदै रुकुम जिल्ला र राप्ती क्षेत्रीय सांस्कृति अभियानको नेतृत्व गर्नुभयो। २०४७ सालदेखि २०६४ सालसम्म अखिल नेपाल जनसांस्कृति संघको केन्द्रीय

समितिमा रहेर उहाँले राप्ति क्षेत्रको सांस्कृतिक अभियानको जिम्मेवारी लिनुभयो भने २०४८ सालमा डोमोक्रेयाटिक कल्चरल फोरम पश्चिम अभियानको उपाध्यक्ष भएर काम गर्नुभयो।

**२०५८ देखि २०६० सालसम्म तत्कालीन माओवादीको केन्द्रीय सांस्कृतिक टोली 'सामना परिवार'को संयोजक बन्नुभएका घर्ती पार्टीको केन्द्रीय श्रव्य दृश्य विभाग प्रमुख एवम् केन्द्रीय सांस्कृतिक विभाग सदस्य बन्नुभयो।**

**शिक्षण अनुभवसँगै उहाँसँग माओवादी युद्धकोक्रममा रुकुम जिल्ला जनसरकार प्रमुख, मगराँत राज्य समिति संयोजकसँगै २०६५ मङ्सिर २३ देखि २०६६ असारसम्म नेपाल टेलिभिजनको बोर्ड अध्यक्ष भएर काम गरेको अनुभवसमेत छ।**

विद्यार्थी र शिक्षक जीवनमा राजनीतिप्रति चासो राख्ने घर्ती पञ्चायत विरोधी गतिविधिदेखि नै आन्दोलनमा सक्रिय हुनुहुन्छ।

उहाँ २०४५ पुस २६ गते रोल्पा लिवाङ्गमा पञ्चायत विरोधी गतिविधिमा संलग्न भएको आरोपमा ५२ दिन हिरासतमा कष्टकर दैनिकी भोग्दै बस्नु परेको थियो।

२०४९ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको रूकुम भ्रमणविरूद्ध प्रदर्शन गर्दा तीन दिन प्रहरी हिरासतमा बस्नुभयो।

२०७४ मङ्सिर २२ गते सम्पन्न प्रदेश सभाको निर्वाचनमा नेकपा(माओवादी केन्द्र)को प्रतिनिधित्व गर्दै घर्ती वामगठबन्धनको उम्मेदवारको रूपमा रुकुम पूर्व क्षेत्र नम्बर १ (ख) बाट तत्कालीन प्रदेश ५ (लुम्बिनी) को प्रदेश सभा सदस्यमा निर्वाचित हुनुभयो।

पहिलो पटक जनप्रतिनिधिका रुपमा निर्वाचित भए लगत्तै २०७४ साल फागुन २ गते लुम्बिनी प्रदेशको संस्थापक सभामुख पदमा निर्विरोध निर्वाचित भएर पाँच वर्षसम्म प्रदेशसभाको महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुभयो।

उहाँ पछिल्लो पटक २०७९ मा सम्पन्न आम निर्वाचनमा रुकुम पूर्वबाट प्रतिनिधि सभा सदस्य निर्वाचित हुनुभएको हो। अहिले उहाँ प्रतिनिधि सभा अन्तर्गतको कानुन न्याय तथा मानवअधिकार समिति सदस्य हुनुहुन्छ। ***स्रोत गोरखापत्र साभारः***

# आलु खेती प्रविधि र उपयुक्त जात र रोग व्यवस्थापन कसरी गर्ने



आलु बहूउपयोगि कन्दमूल अर्थात् तरकारी बाली हो। तरकारीको रुपमा प्रमुख नै मानिने आलु विश्वभरि सबैभन्दा बढी उपयोग गरिन्छ। आलु पोषक र बलवर्द्धक खाध्य हो। मध्यम खाले एउटा आलुको डल्लामा ११२ क्यालोरी ऊर्जा हुन्छ। आलुमा २० प्रतिशत स्टार्च, २ प्रतिशत प्रोटिन, १ प्रतिशत खनिज र ८० प्रतिशत पानी हुन्छ। आलु चिसो मौसममा फष्टाउने वाली हो भने चिस्यान मुक्त मलिलो माटोमा राम्रो हुन्छ। यस वालीको नेपालमा धेरै महत्वपूर्ण स्थान छ, किनकी तराई, भित्री मधेश र मध्य पहाडी क्षेत्रमा यसको प्रयोग तरकारीको रुपमा प्रयोग गरिन्छ भने उच्च महाडी क्षेत्रमा खाद्यान्न र तरकारीका रुपमा प्रयोग गरिन्छ।

आलुलाई सस्तो र गरीवहरुको साथीका रुपमा परिचित भएको छ। उच्च पहाडी क्षेत्रमा राम्रो उत्पादन दिने जातहरुमा कुफ्रि ज्योति, जनकदेव, खुमल सेतो–१, खुमल लक्ष्मी आदि जातहरु छन्।

**आलु कस्तो मौसम र हावापानीमा हुने वाली हो ?**

यो चिसो मौसममा फष्टाउने वाली हो। यो चिस्यान मुक्त मलिलो माटोमा राम्रो हुन्छ। तापमानको हिसावले १५–२० डि.से.तापक्रम भएका स्थानमा आलु खेती सफलतापूर्वक गर्न सकिन्छ।

**आलुवालीको नेपालमा महत्व के रहेको छ ?**

यस वालीको नेपालमा धेरै महत्वपूर्ण स्थान छ किनकी तराई, भित्री मधेश र मध्य पहाडी क्षेत्रमा यसको प्रयोग तरकारीको रुपमा प्रयोग गरिन्छ भने उच्च महाडी क्षेत्रमा खाद्यान्न र तरकारीका रुपमा प्रयोग गरिन्छ। आलुलाई सस्तो र गरीवहरुको साथीका रुपमा परिचित भएको छ।

**आलुलाई कुन कुन रुपमा प्रयोग गरिन्छ रु यसमा मुख्यत कुन–कुन खाद्य तत्वहरु पाईन्छन?**
आलुलाई ताजा रुपमा तरकारी तथा खाद्यान्नको रुपमा प्रयोग गरिन्छ भने यसवाट प्रशस्त प्रशोधित परिकारहरु तयार गरिन्छ र लामो अवधि र टाढा–टाढा सम्म ढुवानी गरी लान सकिन्छ। यसमा २०.६ प्रतिशत कार्वोहाइड्रेट, २.१ प्रतिशत प्रोटिन, ०.३ प्रतिशत चिल्लो पदार्थ, १.१५ रेशा र ० ९५. भष्म पाइन्छ। यसमा एमिनो अम्ल पनि प्रशस्तमात्रामा पाईन्छ।

**नेपालको उच्च पहाडी क्षेत्रमा राम्रो उत्पादन दिन सक्ने जातहरु कुन–कुन हुन्** ?उच्च पहाडी क्षेत्रमा राम्रो उत्पादन दिने जातहरुमा कुफ्रि ज्योति, जनकदेव, खुमल सेतो–१, खुमल लक्ष्मी आदि जातहरु छन्।

**यसलाई खाद्यान्नको रुपमा पनि लिइन्छ किन** ?
प्रथमतः यसमा २०५ भन्दा वढी कार्वोहाईड्रेड पाईन्छ र उच्च पहाड जहा अन्य खाद्यन्न वाली लगाउन सकिन्न वा राम्रो उत्पादन लिन सकिदैन त्यस्तो ठाउँमा पनि आलु खेति गरिन्छ र चामलको सट्टामा प्रयोग गरिन्छ।

**वीउ आलु प्लट छनौट गर्दा के–के कुरामा ध्यान दिनु पर्दछ** ?
वीउ आलु प्लट छनौट गर्दा लामो अवधिको वाली चक्र अपनाएको, असल वीउवाट मात्र वीउ उत्पादनको शुरुवात गरिएको कीराको प्रकोप नहुने स्थान, भाइरस रोगको शंका लागेका र वेजातका वोटहरु हटाईएको स्वस्थ स्थान छनौटमा ध्यान दिनु पर्दछ।

**आलुमा स्वस्थ श्रोत वीउ भन्नाले के वुझिन्छ** ?
आलुमा स्वस्थ श्रोत वीउ भन्नाले वीउवाट सर्ने रोगहरु जस्तैः भाइरस, खैरो पिपचक्रे ऐजेरु, कालो खोष्टे आदि रोग रहित संझनु पर्दछ।

**आलु रोप्नु भन्दा १५–२० दिन अगावै वीऊ आलुको व्यवस्था गरिसक्नु भनिन्छ किन** ?
वीउ आलु रोप्नु भन्दा अगाडी राम्ररी टुसाएको आलु रोप्नको लागि १५–२० दिन अगावै आलु वीउको व्यवस्था गर्न जरुरी हुन्छ।

**आलु लगाउनु र रोप्नु भन्दा पहिले जग्गाको तयारी कस्तो हुन जरुरी छ** ?
आलु माटोमुनि फल्ने र यसका जराहरु कमजोर हुने हुँदा खेतवारीलाई गहिरो जोतेर ढुङ्गा तथा झारपात हटाई डल्ला फुटाएर माटो बुरवुराउदो वनाएर मात्र वीउ रोप्नु पर्दछ।

**आलु खेतीमा अन्य वालीभन्दा वढी मलखादको आवश्यकता पर्दछ किन** ?
आलु खाद्य तत्व वढी शोषण गर्ने वालीमा पर्दछ। यसलाई अन्नवाली तथा कोसेवाली भन्दा वढीनै मलखादको व्यवस्था गर्नुपर्दछ। राम्रो उत्पादन लिनको लागि १०००–१५०० के.जी. कम्पोष्ट, ११ के.जी. डी.ए.पी., ७ के.जी. यूरिया

तथा ५ के.जी. म्यूरेट अफ पोटास को आवश्यकता हुन्छ।

**नेपालको तराई तथा भित्री मधेश क्षेत्रलाई सिफारीस गरिएका जातहरु कुन–कुन हुन् ?**

नेपालको तराई तथा भित्रि मधेशको लागि सिफारीस गरिएका जातहरुका मूख्यतः कुफ्रि ज्योति, सिन्दुरी आई.पी.वाई.–८ हुन तर खुमल रातो–२ लगायतको अरु स्थानीय जातहरु पनि लगाईन्छ।

**आलुका स्थानीय जातहरु ऐजरु तथा डढुवा रोग सहन गर्न नसकेता पनि कृषकहरुले रुचाई रहेका हुन्छन् यसको रहस्य के हो ?**

स्थानीय जातहरुमा डढुवा, ऐजरु जस्ता रोग सहन सक्ने क्षमता नरहेता पनि कृषकहरुले यी जातहरुको खेती गरिरहेका छन्। किनकी यिनीहरुमा मीठो स्वाद, राम्रो भण्डारण क्षमताको साथै कम मलिलो माटोमा पनि उत्पादन दिने विशेष गुणहरु मौजुद रहन्छन्।

**आलु खेती गर्दा वाली चक्र अपनाउन किन जरुरी हुन्छ रु वाली चक्रमा कुन–कुन वाली लागउनु उपयुक्त हुन्छ ?**

आलु खेती गर्दा वाली चक्र पद्धति अपनाउनु जरुरी हुन्छ किनकी माटोबाट सवै रोगहरु जस्तै खैरो पिपचक्के जस्ता रोगहरु फैलन गएमा वर्ष भित्रै आलु खेती सखाप हुन्छ। वाली चक्रकै रुपमा धान तथा कोसे वालीहरु लगाउन उपयुक्त मानिन्छ। आलु वाली परिवारमा पर्ने वालीहरु वाली चक्रमा लगाउन हुँदैन।

**आलुको खैरो पिप चक्के रोग फैलने श्रोत के के हुन् ? यो कस्तो अवस्थामा वढी फैलिएर जान्छ र कसरी व्यवस्थापन गर्न सकिन्छ?**

यो व्याक्टेरियाको कारणवाट उत्पन्न हुने रोग हो। यो फैलने मूख्य श्रोत भनेको रोगी आलुको संसर्ग यस परिवारका विरुवाका अवशेष तथा माटो नै हो। यो रोग लागेपछी डाँठहरु औइलाएर निष्कन्छ। यसको व्यवस्थापनको लागि यस परिवारहरुका धान, मकै, गँहु, जौ जस्ता वालीले वाली चक्र अपनाउने, निरोगी वीउ मात्र लगाउने, वीउ आलु नकाटी सँगै लगाउने गर्नु पर्दछ।

**नेपालमा देखापरेका भाइरस रोगहरु कुनु–कुन हुन् ? यी रोगहरु लाग्नबाट वच्न के सावधानी अपनाउनु पर्दछ?**

आलु वालीमा विभिन्न किसिममा भाइरस रोगहरु देखापर्दछन्: पात दोव्रिने, हल्का मोजाईक र कडा मोजाईक भाइरस आदि। यी रोगहरुवाट वच्नको लागि भाइरस मुक्त वीउ आलु लगाउने, लाइ कीराको पूर्ण नियन्त्रण गर्नु पर्दछ। खुम्रेले आहार विहार गर्ने वनस्पति पहिचान गरी नष्ट गर्ने, तरकारी वालीका विभिन्न् समूह मिलाएर लगाउने जस्तैः प्याज, लसुन, धनियाँ तथा अन्य विधिवाट संभव नभएको खण्डमा क्लोरीपाईरीफस जस्ता विषादीहरु

२–३ ग्राम प्रति लिटर पानीमा मिसाई छर्नु पर्ने हुन्छ।

**आलुमा लाग्ने रातो कमिला नेपालको कुन क्षेत्रमा वढी व्यापक छ रु यसको कस्तो अवस्थामा वढी आक्रमण गर्दछ ?**

आलुमा लाग्ने रातो कमिलाले नेपालको तराई देखि उच्च पहाड सम्मनै क्षति पुर्याँउछ।यी कीराहरुले आलु वाहेक सखरखण्ड, मूला, गाँजर, सलगम आदिमा पनि क्षति गर्दछन्।सिचाई नहुने सुख्खा जमीनमा यिनीहरुले वढी नोक्सानी गर्दछन्।यिनीहरु गोला वनाई वस्दछन् र गोलावाट निस्की कर्मी कमिलाले माटो मुनिनै वसेर जरा तथा आलुका दानाहरु खाई नोक्सान पुर्याउँछ।

**वीउ आलु कसरी उत्पादन गरिन्छ ?**

आलु खेती वारे साधारण जानकारी भएका कृषकहरुलाई वीउ प्लट प्रविधि थाहा भएमा उनीहरुले आफ्नो लागि आफै वीउ उत्पादन गर्न सक्तछन्।वीउ प्ल्ट प्रविधि भन्नाले खाने आलु रोप्ने ठाउँ भन्दा छुट्टै र वीउवाट सर्ने रोग नियन्त्रणका लागि सावधानी अपनाएर खेती गर्नु पर्दछ।

**खायन आलु र वीउ आलु उत्पादन प्रविधिमा के फरक छ ?**

खायन आलु उत्पादन गर्दा भौगोलिक क्षेत्र, घुम्ती वाली प्रणाली, रोप्ने दूरी, रोग कीराको व्यवस्थापनमा वढी ध्यान नदिए पनि जति उत्पादन हुन्छ त्यति उपभोग गर्न सकिन्छ।तर वीउ आलु उत्पादन गर्दा वीउ वाट रोग फैलने, ठीक साईजको हुनु पर्ने कारणले उल्लेखित कुराहरुमा विशेष ध्यान पुर्यागउनु पर्दछ।

**आलु खेती गर्दा सिचाईले कतिको महत्व राख्दछ र वाली अवधिमा कति पटक सम्म सिचाई गर्न जरुरी हुन्छ ?**

आलु खेती गरिने जात, सूर्यको प्रकाश, आद्र्रता तथा उत्पादन गर्ने समयले पानीको मात्र निर्धारण गर्दछ।विशेषतः आलु रोप्नु अगाडी एक पटक, त्यान्द्राको विकास हुने वेलामा एक पटक माटो चढाएपछि एक पटक गरी कम्तीमा ३ पटक तर मौसम हेरी वढी पनि गर्न पर्ने अवस्था आउन सक्दछ।

**आलु वालीमा गोडमेलको साथै उप्केरा लगाउन किन जरुरी हुन्छ ?**

आलु वालीमा गोडमेल तथा उप्केरा लगाउँदा माटोमा हावाको संचार राम्रो हुन्छ।माटो हलुका हुन्छ र नयाँ आलुका दानाहरु विना अवरोध वढ्न पाउँछन्।नयाँ दानाहरुलाई घामको प्रकाश वाट वचाउन सकिन्छ आलुका त्यान्द्राहरु नछोपिएमा दानाको सट्टा वोटको विकास भएर जाने हुँदा गोडमेल तथा उप्केरा गराउन जरुरी हुन्छ।

भूमे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुर्‍याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।